नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौ

# प्रतिस्पर्धाबाट शिकार गराउनको लागि सिलबन्दी दरभाउ-पत्र आह्वानको १५ दिने सूचना

**पहिलो पटक प्रकाशित मिति २०८२/५/३**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १२ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावलीको नियम १० र ११ वमोजिम ढोरपाटन शिकार आरक्षमा तोकिएको कोटानुसार आ.व. २०८२/०८३ को पहिलो सिजनको लागि नाउर, झारल र बनेलको शिकार गराउने प्रायोजनार्थ मिति २०८२/५/1 को विभागीय निर्णय बमोजिम यो सुचना प्रकाशन गरिएको छ।

१. सिलबन्दी दरभाउपत्र विभागको आर्थिक प्रशासन शाखाबाट २०८२/५/१७ गतेसम्म कार्यालय समयभित्र खरिद गरी २०८२/५/१८ गते दिउँसो १२:०० बजेसम्म विभागमा दाखिला गरी सक्नुपर्नेछ। पेश हुन आएका सिलबन्दी दरभाउपत्र २०८२/५/१८ गते दिउँसो २:०० बजे सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। सिलबन्दी दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुर्याएको मानिने छैन। सो दिन बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन सोही समयमा (दिउँसो १२:०० बजेसम्म दाखिला र दिउँसो २:०० बजे दरभाउपत्र खोलिने) हुनेछ।

२. सिलबन्दी दरभाउपत्र बाखिला गर्दा निवेदन साथ निम्न कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
   - कम्पनी दर्ता प्रमाणपत्रको छाँया प्रति, स्थायी लेखा नं. मु.अ.कर दर्ता प्रमाणपत्रको छाँया प्रति,
   - कबोल अङ्कको ३(तीन) प्रतिशतले हुन आउने रकम राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. १२०१२००००१००२५२४, कार्यालय कोड नं. ३२९०३३५०१ मा जम्मा गरेको सक्कलै भौचर,
   - पेशेवार शिकारी अनुज्ञापत्रको छाँया प्रति, र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको छाँया प्रति।

३. सिलबन्दी दरभाउपत्र खरिद गर्नको लागि निवेदनसाथ राजस्व रकम रु.१०००।०० (एक हजार) राष्ट्रिय वाणिज्य बैंक टेकु शाखामा राजश्व शिर्षक नं. १४२२९ कार्यालय कोड नं. ३२९०३३५०१ र खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको सकलै भौचर पेश गर्नुपर्नेछ।

४. सिलबन्दी दरभाउपत्र कबोल गरेको रकम उल्लेख गर्दा अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ। अंक र अक्षरमा कबोल गरेको रकम अन्यथा भएमा अक्षरमा उल्लेख गरेकोलाई मान्यता दिइने छ।

५. ढोरपाटन शिकार आरक्षमा शिकार व्यवस्थित गर्नको लागि ब्लक छुट्टयाइएको छ। शिकार गर्ने गराउने सिलबन्दी दरभाउ पत्रदाताले ब्लक अनुसारको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्ने छ।

६. प्रत्येक ब्लकमा निर्धारण गरिएको कोटा मध्ये सबैभन्दा बढि कबोल गरिएको रकम नै सो ब्लकको सोही प्रजातीको अन्य कोटामा कायम हुनेछ।

७. शिकार व्यवस्थापन गर्ने सम्बन्धमा सम्पूर्ण अधिकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा सुरक्षित रहनेछ।

८. पेशेवार शिकारी अनुज्ञापत्र प्राप्त संस्था सिलबन्दी दरभाउको प्रतिस्पर्धामा छनोट भई सिजनको शिकार गर्ने वन्यजन्तुको लागि कबोल गरेको राजश्व बुझाई सकेपछि शिकार नगरेको अवस्थामा सो राजश्व रकम फिर्ता हुने छैन।

९. शिकार व्यवस्थापन सम्बन्धमा यस सूचनामा उल्लेख भएको सीमा एवं शर्त यहि बमोजिम हुने छ र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुने छ।